निर्णय:

१.सरकारी सेवा प्रवाहलाई सरल र सहज बनाउने तथा सरकारी कार्यालयमा हुने विचौलियाहरुको प्रभाव नियन्त्रण गर्ने गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

२.बजारको नियमित र प्रभावकारी संयुक्त अनुगमनको व्यवस्था मिलाई कालोबजारी, अनावश्यक मूल्यवृद्धि तथा अभाव श्रृजनाजस्ता कामलाई निस्प्रभावित गर्ने र यदि कसैले कालोबजारी अनावश्यक मूल्यवृद्धि तथा अभाव श्रृजना गरेको पाईएमा नियमानुसार कानूनी कारवाही गर्ने ।

३.विश्वव्यापिरुपमा देखिएको कोरोना भाइरसको संक्रमण रोकथाम गर्न तथा कोरोना भाइरसको प्रभावबाट बच्न र बचाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परिपत्रानुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

४.अधिकांश सबै सरकारी कामहरु सबै सरकारी कार्यालय एवं कर्मचारीहरुको सामूहिक कार्य (Team Work) भएकोले सबै सरकारी कार्यालय तथा कर्मचारीहरु बीच सहयोग तथा समन्वय बढाउने र त्यसलाई प्रभावकारी बनाउँदै लैजाने ।

५.सबै सरकारी कार्यालयहरुले नियमानुसार सेवा प्रवाह गर्नुपर्ने हुँदा सेवा प्रवाह गर्दा प्रचलित कानूनलाई मध्यनजर गरी कानूनअनुसार कार्य गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने ।

६.सबै सरकारी कर्मचारीहरुले प्रचलित आचरणसम्बन्धी व्यवस्थाको पालना गर्नुपर्ने र कार्यालयमा काम गर्दा तोकिएको पोशाकको प्रयोग गर्ने र समयको पालनामा ध्यान दिने।